# लोक सेवा आयोग

## खरिदार वा सो सरह

## मिति २०६९/३/२२ मा सोधिएको प्रश्नको उत्तरहरू

**पत्र :- तृतीय**

विषय :- सामाजिक अध्ययन तथा कार्यालय सञ्चालन

(Social studies and office practices)

निम्न प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

प्रत्येक खण्डको उत्तर बेग्ला बेग्लै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड - क **(Section -A)**

सामाजिक अध्ययन **(Social studies)**

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।

**(Write short answer of the following question.)**

१. नेपालको हावापानीमा प्रभाव पार्ने पार्ने तत्त्वहरु के के हुन् ? कुनै चारओटा प्रमुख तत्त्व उल्लेख गर्नुहोस् । जुम्लामा किन धान उत्पादन हुँदैन ? कुनै तिनओटा कारण दिनुहोस् ।

**(What are the influencing factors in the Nepalese climate conditions ? List out any four way is not three production of paddy in jumla ? Give any three reasons.)**

उत्तरः नेपालको हावापानीमा प्रभाव पार्ने मुख्य तत्त्वहरु निम्नानुसार छन् ।

१. सामुद्रिक दुरी
२. उचाइ
३. प्राकृतिक स्रोत
४. भू-बनोट

सामुद्रिक दुरीः सामुद्रिक दुरीका हिसाबले हेर्दा समुद्रसँग नजिक हुने ठाउँमा हुने हावापानी निकै ठण्डा तथा निकै गर्मी र समुद्रसँग टाढा हुने ठाउँमा हावापानी सामान्य हुन्छ ।

उचाइः नेपालको सबैभन्दा होचो भू-भाग धनुषाको मुसहरनीया करिब ५९ मिटरदेखि सबैभन्दा अग्लो सगरमाथा ८८४८ मिटर भएकाले उचाइअनुसार हावापानीमा विविधता पाउन सकिन्छ ।

www.dotnepal.com

प्राकृतिक स्रोतः वनजङ्गल, नदीनाला, हिमालपहाड, लगायतका कारणले हाम्रो हावापानीमा विविधता छ ।

भू-बनोट/ढालः जमिनको बनोट तथा ढालका कारणले गर्दा एउटै उचाइमा रहेका स्थानमा पनि हावापानीमा विविधता पाइन्छ ।

जुम्लामा धान उत्पादन नहुनुका कारणहरु निम्नानुसार छन् ।

- धानखेतीका लागि पर्याप्त पानी आवश्यकता पर्ने तर जुम्ला हिमाली जिल्ला भएको हुँदा निकै कम पानी पर्ने ।
- धानखेतीका लागि पाँगो माटो उपयुक्त हुनेमा जुम्लामा पाँगोमाटो उपलब्ध नहुने ।
- धान खेतीका लागि न्यानो तापक्रम चाहिने तर यहाँको तापक्रम धेरै चिसो र हिमपातका कारण धानखेतीका लागि उपयुक्त वातावरण नहुनु ।

२. नेपाली समाजमा रहेका दुई कुप्रथाको बारेमा छोटो परिचय दिएर त्यस्ता समस्या समाधान गर्ने उपायहरु बुँदागत रुपमा उल्लेख गर्नुहोस् । **(Give short intreduction of any two bad customs of Nepal and list out solutions of them.)**

उत्तरः नेपाली समाजमा रहेका २ कु-प्रथाहरु निम्नानुसार छन् ।

- छाउपडी प्रथाः कालिकोट, डडेलधुरा, दैलेख, हुम्ला, जुम्ला, बाजुरा, डोटी, बझाङ, अछाम जिल्लाहरुमा नछुने भएका महिलालाई छाउपडी भनिन्छ । यस्ता छाउपडी गोठमा बस्नुपर्ने सो समयमा घरको आँगन, धारो, बाटो टेक्न नहुने, दुध, दही, घ्यू खान नहुने, अरुसित छोइन नहुने सामाजिक बन्धन छ । यिनीहरु टाढाको गोठ वा छाप्रोमा गई बस्नुपर्ने हुन्छ । पहिलो रजस्वला हुने बालिका ११ देखि १५ दिन, अरू केटीले ५ दिन विवाहित महिलाले ४ दिन, सुत्केरीले ११ दिन बस्ने चलन छ । यो प्रथा रोक्नको लागि सर्वोच्च अदालतले मिति २०६२ बैशाख १९ गतेको फैसलाले नेपाल सरकारलाई आदेश दिएको । नेपाल सरकारले समेत छाउपडी प्रथा उन्मूलन प्रथा निर्देशिका, २०६४ लागु समेत गरेको छ ।
- देउकी प्रथा : नेपालको सुदूर पश्चिमाञ्चलको सेती र महाकाली अञ्चलमा देवीदेवताको सेवा गर्न कन्या केटी चढाउने परम्परालाई देउकी प्रथा भनिन्छ । यो प्रथाको केन्द्रविन्दु बैतडी जिल्लाको मेलौली मन्दिर रहेको छ ।

यी उल्लिखित कुप्रथाको समस्या समाधान गर्न निम्न उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

- नेपाली समाजमा रहेका अशिक्षा एवम् अन्धविश्वास हटाउन जनचेतनामा अभिवृद्धि गर्नुपर्ने ।
- यी प्रथा विरूद्ध कडा कानुन तर्जुमा गरि कार्यान्वयन गर्नुपर्ने ।
- सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रको संयुक्त प्रयासबाट यस्ता कु-प्रथा हटाउन सक्रिय भूमिका निर्वाह गर्नुपर्ने ।
- महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने ।

३. नेपालमा विद्युत विकासको सम्भावनाबारे छोटकरीमा उल्लेख गर्नुहोस् । **(Mention Briefly the potentiality of electricity development in Nepal.)**

उत्तर: नेपाल जलस्रोतका दृष्टिले विश्वमै ब्राजिल पछि दोस्रो र एसियामा पहिलो देश हो । नेपालमा करिब ६००० नदिनालाहरु रहेका छन् र यिनको लम्बाइ करिब ४५०००कि.मि. रहेको छ ।

वर्तमान जलस्रोतबाट नेपालमा ८३,००० मेघावाट विद्युत उत्पादन गर्न सकिने अवस्था छ ।

यहाँबाट उत्पादन गरेको विद्युतले औद्योगिकीकरण गर्नुका साथै बढी भएको बिद्युत विदेशमा निर्यात गरी White Doller आर्जन गर्न सकिन्छ । नेपालका ठुला नदीनालाहरु लगायत अन्य जल सम्पदाबाट निम्नअनुसार विद्युत् उत्पादन हुने सम्भावना रहेको छ ।

| | | |
|---|---|---|
| कर्णाली नदीबाट | - | ३२००० मेघावाट |
| कोशी नदीबाट | - | २२००० मेघावाट |
| गण्डकी नदीबाट | - | २१०००मेघावाट |
| र अन्य नदीबाट | - | ८००० मेघावाट |
| जम्मा | | ८३००० मेघावाट |

४. बसाइँसराइ भनेको के हो ? नेपालमा बसाइँसराइका प्रमुख ४ कारण र यो समस्या निराकरण गर्न के के गर्नुपर्ला ? कुनै ४ उपाय दिनुहोस् । **(What migration ? What are the four major causes of it and how can we solve the problems created by migration ? Suggest any four ways ?)**

उत्तर: बसाँइसराइ भनेको एउटा भौगोलिक क्षेत्र बाट अर्को भौगोलिक क्षेत्रमा बसाइँसराइ जाने प्रक्रियालाई बसाइँसराइ भनिन्छ । बसाइँसराइ भनेको एउटा ठाउँ देश वा सहरबाट अर्को ठाउँ, देश वा सहरमा बसाइ सर्नु हो । यसरी

www.dotnepal.com

एक ठाउँबाट अर्को ठाउँमा एउटै देशभित्र वा बाहिरको हुललाइ नै बसाइँसराइ भनिन्छ ।

बसाइँसराइका प्रमुख चार कारणहरु निम्नानुसार छन् ।

- भौगोलिक विकटता
- रोजगारीका कारण
- शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गरी गुणस्तरीय जीवन व्यतीत गर्न ।
- आधारभूत पूर्वाधारको उपभोगमा सहजता पाउन ।

यस समस्या निराकरणका लागि अपनाउने ४ उपायहरु निम्नानुसार छन् ।

- ❖ समानुपातिक विकास प्रणाली अवलम्बन गर्ने,
- ❖ चन्दा, आतङ्, अपहरणजस्ता घटनाहरु हुन नदिने प्रत्याभूतिको सरकारले ग्यारेन्टी गर्नुपर्ने ।
- ❖ गाँउगाँउ बस्तीबस्तीमा रोजगारका अवसर सिर्जना गरी युवाहरुलाई व्यावसायिक बनाउन राज्यले ध्यान दिनुपर्ने ।
- ❖ समाजमा जातीय, धार्मिक, राजनीतिक र लैङ्गिक विभेदको अन्त्य गर्ने ।

तलका प्रश्नहरुको लामो उत्तर लेख्नुहोस् ।
**(Write long answer of the following questions.)**

५. नेपालको नक्सा बनाई निम्नलिखित तथ्यहरु भर्नुहोस्: **(Draw the map of Nepal and fill up the following facts :)**
- पूर्व पश्चिम राजमार्ग **(East-West highway)**
- दिपायल **(Dipayal)**
- कोशी नदी **(Koshi river)**
- फेवाताल **(Fewa lake)**
- कपास उत्पादन क्षेत्र **(Cotton production area.)**
- मकालु हिमाल **(Mt. Makalu)**
- चितवन राष्ट्रिय निकुञ्ज **(Chitwan National park.)**

उत्तर: यस उत्तरका लागि एकाइ १ को नेपालको नक्सासम्बन्धी कार्यको पेज नं. १४ मा हेर्नुहोस् ।

६. नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएका कुनै ८ ओटा मौलिक हकको सूची बनाउनुहोस् र नागरिकका तिनओटा मुख्य कर्तव्यको बारेमा छोटो छोटो बयान गर्नुहोस् । **(According to Nepals Interim Constitution, 2063 list out any eight fundamental rights and describe in short about three main duties of a citizen.)**

www.dotnepal.com

उत्तर: राज्यका विरूद्ध नागरिकलाई प्राप्त हुने हक नै मौलिक हक हुन् । मौलिक हक राज्यको शासन प्रणालीमा निर्भर हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ मा धारा १२ देखि धारा ३२ सम्म मौलिक हकको व्यवस्था गरिएको छ । त्यहाँ व्यवस्था भए बमोजिम ८ वटा मालिकहरू निम्नानुसार छन् ।

धारा १२. स्वतन्त्रताको हक,
धारा १३. समानताको हक,
धारा १४. छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक,
धारा १५. प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हक,
धारा १६. वातावरण तथा स्वास्थ्यसम्बन्धी हक,
धारा १७. शिक्षा तथा संस्कृतिसम्बन्धी हक,
धारा १८. रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक,
धारा १९. सम्पत्तिको हक,

नागरिकका मुख्य ३ वटा कर्तव्यहरू निम्नानुसार छन् ।

देशको कानुन मान्नु: व्यवस्थापिकाद्वारा स्वीकृत कानुन मान्न त्यस देशका नागरिकको प्रमुख कर्तव्य हुन्छ । प्रत्येक नागरिकको भलाइका लागि कानुनको तर्जुमा गरिएको हुन्छ । कानुनले सबैलाई समान दृष्टिले हेरेको हुन्छ ।

कर तिर्नु: सरकारलाई सार्वजनिक प्रशासन सञ्चालन गर्न आवश्यक रकमको आवश्यकता पर्दछ । यो व्यपस्था मिलाउन सरकारले जनतामा प्रत्यक्ष वा अप्रत्यक्ष कर लगाएको हुन्छ । यसरी न्यायोचित र वैधानिक ढङ्गबाट लगाइएको करलाई नागरिकले तिर्नु नागरिकको कर्तव्य हुन आउँछ ।

मताधिकारको प्रयोग गर्नु: मत दिनु अधिकार प्राप्त प्रत्येक नागरिकको कर्तव्य हुन आउछ । मतको प्रयोग गर्दा कुनै प्रलोभन र दवावमा नपरी राष्ट्रिय स्वाधीनता र नागरिकको इच्छा चाहना र भावनाको कदर गर्दै राष्ट्रिय विकासलाई सर्वोपरी ठानी भ्रष्टाचार नियन्त्रणमा ध्यान दिँदै Good governence स्थापना गर्न सक्षम व्यक्ति चुनिने गरी मताधिकारको प्रयोग गर्नु नागरिकको कर्तव्य हो ।

वास्तवमा मानवअधिकारको क्षेत्र भित्र पर्ने अधिकारमध्ये संविधानमा उल्लिखित अधिकार नै मौलिक अधिकार हो । सबै मौलिक अधिकार मानव अधिकार हुन भने सबै मानव अधिकार मौलिक अधिकार होइनन् । त्यसैगरी नागरिकको कर्तव्य पनि महत्त्वपुर्ण विषय हो । कर्तव्य पालना नगर्ने नागरिक देशका कलङ्क हुन् । अधिकार खोज्ने तर कर्तव्य पुरा नगर्ने बानी त्याग गरी अधिकारको साथसाथै कर्तव्यमा समेत ध्यान दिनुपर्ने आजको आवश्यकता हो ।

www.dotnepal.com

## खण्ड - ख (Section - B)

स्वास्थ्य, जनसङ्ख्या र वातावरण **(Health population and environment)**

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।

**(Write short answer of the following question)**

७. जनसङ्ख्या परिवर्तनका कारणहरु के के हुन् ? छोटकरीमा वर्णन गर्नुहोस् ।

**(What are causes of population change ? Describe in brief.)**

उत्तर: जनसङ्ख्या परिवर्तन भन्नाले निश्चित समयावधिमा कुनै खास स्थानमा बसोबास गर्ने बासिन्दाहरूको सङ्ख्यामा हुने परिवर्तनलाई बुझाउँछ । जनसङ्ख्यामा हुने थपघटलाई जनसङ्ख्या परिवर्तन भनिन्छ । जनसङ्ख्या परिवर्तनका कारणहरु निम्न छन् ।

१. जन्म : जन्मले जनसङ्ख्यालाइ बढाउँछ ।

२. मृत्यु : मृत्युले जनसङ्ख्यालाइ घटाउँछ ।

३. बसाइँसराइ : बसाइँसराइले कुनै ठाउँको जनसङ्ख्या बढाउँछ भने कुनै ठाउँको घटाउँछ ।

जनसङ्ख्या परिवर्तनमा प्रभाव पार्ने कारक तत्त्व मध्ये जन्म र मृत्यु प्राकृतिक कारक तत्त्व हुन भने बसाइँसराइ कृतिम कारक तत्त्व हो । जनसङ्ख्या बृद्धिका कारणहरु निम्न छन् :

- जन्म र मृत्युमा अन्तर,
- अशिक्षा र अन्धविश्वास,
- पितृसतात्मक सोच,
- परिवार नियोजनका साधनको अभाव,
- जनसङ्ख्या शिक्षाको कमी,
- खुला सीमाना,
- बाल विवाह, बहुबिबाह र अनमेल विवाह ।

यी कारणले जनसङ्ख्या बृद्धि भइरहेको छ भने जनसङ्ख्या घट्नुका कारणहरु निम्न छन् :

- कुनै पनि रोगले माहामारीको रूप लिदा,
- असामायिक प्राकृतिक प्रकोप हुनु,
- नेपालजस्ता गरिब मुलुकका युवा युवतीहरु रोजगारीका लागि विदेशतीर गई घरमा बृद्ध बृद्धा मात्र हुनु ।

८. वातावरण प्रदुषणका प्रकारहरूको सूची बनाउनुहोस् र तपाईंको घरको ठोस फोहरवस्तुलाई व्यवस्थित गर्ने उपायहरु लेख्नुहोस् । **(List the types of**

www.dotnepal.com

**environmental pollution and write the ways to manage solid waste of your home .)**

उत्तर:
- हाम्रा विभिन्न वैज्ञानिक, औद्योगिक एवम् सामाजिक क्रियाकलापहरूको फलस्वरूप हाम्रो उपयोगमा आउने हावा, पानी, जमिन, आदि वातावरणीय तत्त्वमा प्रतिकुल असर पर्ने गरी हुने रासायनिक, भौतिक तथा जैविक परिवर्तनलाई प्रदुषण भनिन्छ ।
- अर्को शब्दमा प्रदुषण भनेको जीवनका लागि हानीकारक हुने पदार्थहरू वातावरणमा फैलिने प्रक्रिया हो ।
- वातावरण संरक्षण ऐन २०५३ अनुसार प्रदुषणलाई वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिवर्तन गरी वातावरण उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणमा लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्छ ।

वातावरण प्रदुषणका प्रकारहरू निम्न छन् ।

- वायु प्रदुषण
- जल प्रदुषण
- खाद्य प्रदुषण
- ध्वनि प्रदुषण
- भू-प्रदुषण
- विकिरण प्रदुषण
- तापीय प्रदुषण
- औद्योगिक प्रदुषण

हाम्रो घरमा निस्कने ठोस फोहोरवस्तुलाई व्यवस्थित गर्ने उपायहरू निम्न छन् । ठोस फोहर वस्तुमा पनि सड्ने फोहर र नसड्ने फोहर गरी छुट्ट्याउने । नसड्ने वस्तुलाई 4r को अवधारणलाई प्रयोग गर्दछौ । (4r भन्नाले R = Refuse, Reduce, Reuse and Recycle ) सड्ने फोहर वस्तुलाई मल खातमा सडाएर प्राङ्गारिक मलको रूपमा खेतबारीमा प्रयोग गर्ने ।

तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।

**(Write long answer of the following question.)**

९. जैविक विविधता भनेको के हो ? जैविक विविधताको कुनै चार महत्त्वहरू उल्लेख गर्नुहोस् । नेपालको पहाडी प्रदेशमा पाइने जैविक विविधताको छोटकरीमा वर्णन गर्नुहोस् । **(What is biodiversity ? Mention any four importance of biodiversity. Explain the biodiversity found in hill region of Nepal in brief .)**

www.dotnepal.com

उत्तरः जैविक विविधता भन्नाले, पृथ्वीमा रहेका सवै प्राणीजन्य विविधता, जल, स्थल, वायुमा जीवन निर्वाह गर्ने सबै जीवित प्राणीको विविधता हो ।

पृथ्वीमा मानिसलगायत वनस्पति, पशुपंक्षी, सूक्ष्म जीव आदि करोडौँ जीवात्मा छन् तिनीहरूबिच एक आपसमा विविधता छ यसैलाई जैविक विविधता भनिन्छ ।

जैविक विविधताका कुनै ४ महत्त्वहरु निम्नानुसार छन् ।

- जीवनहरूको अस्तित्व जोगाउन,
- वातावरणीय सन्तुलन कायम राख्न,
- पर्यटनको विकास गर्न,
- जडिबुटी, दाउरा, घाँसको संरक्षण र उपभोग गर्न ।

नेपालको पहाडी प्रदेश हावापानी तथा प्राकृतिक सौन्दर्य र विभिन्न प्राणी वनस्पतिको लागि महत्त्वपुर्ण क्षेत्र हो । पहाडी प्रदेशमा भएका वनजङ्गल, पहाड र त्यहाँ भएका प्राणीहरूको अन्तरसम्बन्ध नै पहाडी प्रदेशको जैविक विविधता हो । प्रकृतिको विविधताको एउटा जीवसम्बन्धी विविधता देखाउने उप -प्रणाली नै जैविक विविधता हो । जैविक विविधता प्रायः ३ प्रकारका हुन्छन्ः-

- वंशाणुगत जैविक विविधता
- प्रजातिगत जैविक विविधता
- परिस्थितिकीय प्रणाली जैविक विविधता

वंशाणुगत जैविक विविधता : एउटै प्राणीभित्रको गुणको विविधता वंशाणुगत विविधता हो । वंशाणुगत विविधता जिनका कारणले सर्दछ । उसैले पुर्ख्यौली गुणहरु तिनका सन्ततीमा पनि सार्ने गर्दछ ।

प्रजातिगत जैविक विविधता : एक आपसमा प्रजनन् गर्ने सूक्ष्म जीवहरूको समुहलाई प्रजाति भनिन्छ । कुनै पनि भू-भागमा पाइने प्राणी तथा वनस्पति विभिन्न जात तथा उपजात बिचको विविधता प्रजातिगत विविधता हो ।

पारिस्थितिकीय प्रणाली जैविक विविधता : भूमि, जल, तथा वायुको सम्मिश्रणबाट निर्माण भएको छ । वातावरण र जीव एक अर्काका परिपूरक हुन् । त्यसैले यिनलाई अलग अलग राख्न मिल्दैनन् । यिनै जीव र वातावरणबिचको अन्तरसम्बन्ध र निर्भरता पारिस्थितिक प्रणाली जैविक विविधता

www.dotnepal.com

हो । जसमा वन, जल, पर्वत र चरण गरी विभिन्न पारिस्थितिक प्रणाली रहेका हुन्छन् ।

अत जैविक विविधताको दिगो उपयोग गरी प्राकृतिक स्रोत साधनको अस्तित्वबाट प्राप्त हुने लाभको रासायनिक बाँडफाँडको आधारमा भविष्यका सन्ततिका लागि समेत जस्ताको तस्तै सुरक्षित गर्नु नै जैविक विविधताको संरक्षणको अवधारणा हो । नेपाल विश्वकै जैविक विविधतामा सम्पन्न मुलुक हो । हामीले यहाँको जैविक विविधता संरक्षण गर्दै विश्वसामु नमुना पेस गर्न सक्छौ । विश्वमा नेपालले ०.०३ प्रतिशत भूभाग ओगटेको छ भने विश्वको ८.५ प्रतिशत चरा प्रजाति, ४.२ स्तनधारी, ४.२ पुतली, २.२ प्रतिशत ताजा पानीमा रहने माछाका जातिहरु र २.२ प्रतिशत फूल फुल्ने विरुवाहरु नेपालमा पाइन्छन् ।

१०. सर्ने र नसर्ने रोगबिच उदाहरणसहित फरक छुट्याउनुहोस् । नसर्ने रोगबाट बच्नको लागि कस्तो जीवनशैली अपनाउनुपर्छ ? छोटकरीमा व्याख्या गर्नुहोस् । **(Distinguish between communicable and non-communicable diseases. What kind of life style should be followed to prevent non - communicable disease ? Explain in brief .)**

उत्तर शरीरमा हुने अस्वस्थ्यता, विमार, व्यथा, शारीरिक तथा मानसिक बेचैनी नै रोग हो । रोग एउटा प्रक्रिया हो, जुन एक अवस्थावाट अर्को अवस्थामा पुग्दा मानिसको शारीरिक, मानसिक र संवेगात्मक पक्षमा असर पुऱ्याउँछ र मानिसको मृत्युसम्म पनि हुन सक्छ । मानव शरीरमा अथवा शारीरिक अङ्गमा हुने प्राकृतिक सन्तुलन दुषित हावा, पानी, अस्वस्थकर वातावरण, अव्यवस्थित जीवनशैली, अस्वस्थकर खानपान आदिले बिग्रन गई रोग लाग्ने गर्दछ । रोग मुख्यतः २ प्रकारको हुने गर्दछन् :

१) सरूवा रोगहरु : एक व्यक्तिबाट अर्को व्यक्तिमा विभिन्न माध्यमबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । यस्ता रोगलाई सर्ने रोग भनिन्छ ।

२) नसर्ने रोगहरु : जुन रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दैनन् त्यस्ता रोगलाइ नसर्ने रोग भनिन्छ ।

सर्ने रोग र नसर्ने रोगको भिन्नता निम्नानुसार छ ।

| सर्ने रोग | नसर्ने रोग |
|---|---|

www.dotnepal.com

| | |
|---|---|
| • एक व्यक्तिबाट अर्को व्यक्तिमा विभिन्न माध्यमबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । यस्ता रोगलाइ सर्ने रोग भनिन्छ ।<br>• टाइफाइड, एचआईभि. एड्स, रेबिज, रूघाखोकी, हैजा, भिरङ्गी आदि सर्ने रोग हुन् ।<br>• सरूवा रोग एउटा अस्वस्थ अवस्था हो, जुन अवस्था रोग उत्पन्न गर्ने विषाणु, जिवाणु, परजीवी वा त्यस्ता वस्तुवाट उत्पन्न हुने विषका कारणवाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक व्यक्तिबाट अर्को व्यक्ति वा एक जनावरवाट अर्को जनावर वा प्रदुषित वातावरणबाट सर्ने गर्दछ ।<br>जस्तै : रेबिज रोग बौलाह कुकुरले टोक्दा लाग्ने गर्दछ । | • जुन रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दैनन् त्यस्ता रोगलाई नसर्ने रोग भनिन्छ ।<br>• क्यान्सर, मधुमेह, रक्तचाप, मानसिक रोग आदि नसर्ने रोग हुन ।<br>• शारीरिक प्रक्रियामा आउने गडबडीका कारण नसर्ने रोग उत्पन्न हुन्छन् । यस्ता रोगहरू मानिसको जीवनशैलीमा निर्भर हुन्छन् ।<br>• यो कुनै जनावरले टोकेर सर्दैन कतिपय नसर्ने रोग वंशाणुगत प्रकृतिका हुन्छन् । जस्तैः ब्लड प्रेसर, सुगर आदि । |

नसर्ने रोगबाट बँच्नका लागि देहायको जीवनशैली अवलम्बन गर्नुपर्दछ ।

- अधिक मोटाउने गरी खानपान नगर्ने ।
- धुम्रपान, मद्यपान एवम् सुर्तीजन्य पदार्थको प्रयोग नगर्ने ।
- नियमित ब्यायम एवम् ध्यान गर्ने ।
- समय समयमा नियमित स्वास्थ्य परीक्षण गराउने ।
- नुनिलो, चिल्लो, पिरो मसलादार खानपानको प्रयोग कम गर्ने ।
- दैनिक मर्निङ्वाक गर्ने ।
- नसक्ने कामलाई पनि जबरजस्ती गर्छु भन्ने बानीको त्याग गर्ने ।
- चिकित्सकको सल्लाह बिना कुनै पनि औषधी सेवन नगर्ने ।
- वास्तवमा रोग शरीरको रोग प्रतिरोधात्मक शक्ति कमजोर हुँदा लाग्ने गर्दछ । आयुर्वेदमा रोग, वाथ, पित्त र कफको कारण हुने भनिन्छ । सरूवा रोग जस्तै भाडा पखालाजस्ता सामान्य रोगले पनि हाम्रो देशमा सयौँ व्यक्तिले ज्यान

www.dotnepal.com

गुमाउनु परेको स्थिति छ । भने अस्वस्थकर जीवन शैली, वातावरण प्रदुषण, रासायनिक मलको बढ्दो प्रयोग, खाद्यपदार्थमा हुने मिसावटको कारण कडा खालका नसर्ने रोग जस्तै मृगौला, मुटु रोग, क्यान्सर आदिजस्ता खतरनाक रोगका कारण सयौँ नेपाल उपचारबाट विमुख भई मृत्युवरण गर्नुपर्ने अवस्था छ । त्यसैले हामीले स्वस्थ जीवनका लागि स्वस्थ किसिमको जीवनशैली अपनाई रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिने कोसिस गर्नुपर्दछ ।

## खण्ड - ग (Section - C)

कार्यालय सञ्चालन तथा विविध **(Office practices and miscallaneous)**

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । **(Write short answer of the following questions)**

११. दर्ता भनेको के हो ? यसको महत्त्वबारे लेख्नुहोस् ।
**(What is registration?Write about its importance.)**

उत्तर: कार्यालयमा प्राप्त चिठीपत्र, निवेदन, प्रतिवेदन आदि कागज पत्रहरु प्राप्त हुनासाथ सुरूको अभिलेख राख्ने कार्यलाई दर्ता भनिन्छ । कामको सिलसिलामा प्राप्त कागज पत्रहरु सुरक्षित रहुन र कार्यविधिमा सरल होस् भन्ने हेतुले दर्ता गरिन्छ । दर्ता नगरी अन्य कार्यहरु प्रारम्भ नहुने हुँदा कार्यालयको प्रवेशद्वार पनि दर्ता हो । दर्ताले कार्यालयको दायित्व बढाउँछ । कागजपत्रहरु कहाँबाट कहिले, कुन विषयको, कसलाई प्राप्त भएको हो भन्ने कुरा दर्ताबाट नै जानकारी प्राप्त हुन्छ । यसको महत्त्व निम्नानुसार छ ।

(क) अभिलेखीय महत्त्व : प्राप्त कागज पत्रहरूको अभिलेख राख्ने भएकाले कहाँबाट कहिले प्राप्त भएको हो र कति समयभित्रमा सोको कार्यान्ययन भयो भन्ने कुरा दर्ताबाट सहजै जानकारी लिन सकिन्छ ।

(ख) प्रशासकीय महत्त्व: पत्र खोज्नु परेमा वा उक्त पत्रको कारवाही तुरून्त गर्नु परेमा दर्ताबाट पत्ता लगाउन सकिने हुँदा प्रशासनलाई चुस्त दुरूस्त राख्न सकिन्छ ।

(ग) आर्थिक महत्त्व: दर्ताले गर्दा साधन समय र मूल्य बचत गर्छ ।

(घ) कानुनी महत्त्व: दर्ता खातामा विभिन्न कार्यालयबाट प्राप्त कागज पत्रहरूको अभिलेख सिलसिलेबार रूपमा मिति समेत क्रमशः रहने हुँदा

www.dotnepal.com

यस्ता अभिलेखहरु कानुनी प्रमाणको लागि मान्य हुने हुनाले दर्ताको कानुनी महत्त्व रहेको छ ।

(ङ) सुरक्षाः कागज पत्रहरु भविष्यसम्म सुरक्षित राख्नु पनि दर्ताको महत्त्व हो ।

१२. जिन्सी लेखा प्रणालीका प्रमुख उद्देश्यहरूबारे उल्लेख गर्नुहोस् । **(Mention the main objectives of inventory accounting system.)**

उत्तरः सरकारी कार्यालयमा प्राप्त हुने समानहरूको अभिलेख राख्ने लेखा प्रणालीलाई जिन्सी श्रेस्ता प्रणाली भनिन्छ । जिन्सी श्रेस्ता प्रणालीमा म.ले.प. फारम न. ४५ देखि ५७ सम्मको १३ वटा मध्ये १२ वटा फारम प्रयोगमा छन् ।

जिन्सी श्रेस्ता प्रणालीका उदेश्यहरु निम्नानुसार छन् :

- खर्च हुने र खर्च नहुने मालसमानको श्रेस्ता राख्ने,
- माल समानको अभिलेखबाट नीति निर्मातालाई सूचना प्रदान गर्ने,
- माल समानको हिनामिना हुन नदिई संरक्षण गराउने,
- आवश्यकता अनुसार माल समान उपलब्ध गराउने वा अभाव हुन नदिने,
- अनावश्यक माल समानको खरिदमा नियन्त्रण गर्ने,
- काम नलाग्ने समान पहिचान गरी मर्मत वा लिलाम गर्न सहयोग गर्ने,
- आर्थिक प्रतिवेदन तयार गर्न सूचना दिने ।

१३. अन्तःशुल्क बारे छोटकरीमा टिप्पणी लेख्नुहोस् । **(Write short notes on excise duty.)**

उत्तरः अन्त शुल्कबारे विस्तृत तल दिइएको छः

- सामान्यत देशभित्र उत्पादन भै बिक्री वितरण तथा उपयोग हुने वस्तुमा लगाईने शुल्कलाई अन्तःशुल्क भनिन्छ ।
- यो अप्रत्यक्ष कर हो । स्वास्थ्यका लागि हानीकारक वस्तुहरूको उपभोगलाई निरूत्साहित गर्न, आन्तरिक उद्योगहरूलाई अस्वस्थ्य प्रतिस्पर्धाबाट बचाउन, वातावरण संरक्षण गर्न, र समग्रमा राजस्व परिचालन बढाउन सरकारले चुरोट, बिडी, मदिरा, प्लास्टिक झोला, ईँटा र सवारी साधन लगायतका वस्तुहरूमा अन्तःशुल्क लगाउँदै आएको छ ।
- समग्रमा देशभित्र उत्पादन भएका तथा आयात गरी ल्याइएका तोकिएको वस्तु तथा सेवाको उत्पादन, बिक्री तथा खपतमा लगाइने कर तथा शुल्क नै अन्तःशुल्क हो ।

उद्धेश्य

www.dotnepal.com

- देशको आर्थिक विकासका लागि राजस्व सङ्कलनमा योगदान
- समाजमा शान्ति न्याय तथा अनुशासन कायम गर्ने
- विलासिताका वस्तु तथा सेवाको उत्पादन तथा उपभोगलाई व्यवस्थित गर्न
- मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने वस्तु तथा सेवाको उपभोगलाई नियन्त्रण तथा व्यवस्थित गर्न ।

अन्त:शुल्क लाग्ने वस्तुहरु

| भौतिक नियन्त्रणका वस्तुहरु | स्वयम् निष्कासनका वस्तुहरु |
|---|---|
| क. मदिरा समूह: | ❖ रङ्गीन टेलिभिजन |
| ❖ खुदो (मोलासेस) | ❖ टेलिभिजनका पार्टपूर्जाहरु |
| ❖ वाइन र यस्तै अन्य फर्मेन्टेड मदिराहरु | ❖ टेलिभिजनका पिक्चर टयुबहरु<br>❖ सवारी साधनहरु |
| ❖ बियर, कन्ट्री बियर डिनेचर्ड स्प्रिट | ❖ प्लास्टिकका सामानहरु<br>❖ फलामे डन्डी |
| ❖ रेक्टिफाइड स्प्रिट, इ.एन.ए., थिनर | ❖ मार्बल<br>❖ ग्लेज टायलहर |
| ❖ एनहाइडस इथानोल | ❖ चाउचाउ |
| ❖ विभिन्न प्रकारका मदिराहरु | ❖ मासुमाछाका तयारी परिकारहरु |
| ख. सूर्तिजन्य समूह: | ❖ कुकुर बिरालाको खाना |
| ❖ चुरोट | ❖ सबै प्रकारका पेन्ट्स |
| ❖ बिडी | ❖ सबै प्रकारका सिमेन्ट |
| ❖ सूर्ति<br>❖ सिगार | ❖ मुद्रणका सामग्रीहरु, माइक्रोफोन, प्रोजेक्टर, तयारी फलफूलको रस |
| ❖ खैनी | ❖ जङ्क फुड्स |

१४. निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरणहरुबारे लेख्नुहोस् ।

**(Write about the conducts that a civil servant must adhere to.)**

उत्तर: निजामती सेवा राज्य व्यवस्था सञ्चालनको एक अनिवार्य तथा आधारभूत अङ्ग हो । निजामती सेवा ऐन, २०४९ मा उल्लेख भए बमोजिम निजामती कर्मचारीहरुले अवलम्बन गर्नुपर्ने आचारण निम्नअनुसार छन् ।

www.dotnepal.com

- समयको पालना गर्ने र नियमित रूपले हाजिर हुनुपर्ने,
- अनुशासित हुने र आज्ञापालन गर्नुपर्ने,
- राजनैतिक वा अवाञ्छीत प्रभाव पार्न नहुने,
- राजनीतिमा भाग लिन नहुने,
- सरकारको आलोचना गर्न नहुने,
- सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्न नहुने,
- दान, उपहार, चन्दा, आदि प्राप्त गर्न र सापटी लिन नहुने,
- कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने,
- निर्वाचनमा भाग लिन नहुने,
- प्रदर्सन र हड्ताल गर्न नहुने,
- थुनछेक तथा घेराउ गर्न प्रतिबन्ध,
- तोकिए बमोजिम बाहेक अन्य व्यक्ति तथा समूहको प्रतिनिधित्व गर्न नहुने,
- ट्रेड युनियनसम्बन्धी निर्दिष्ट कुराहरूको पालना गर्नुपर्ने,
- आफ्नो सम्पतिको विवरण दिनुपर्ने,
- कसैलाई यातना दिन नहुने,
- सबैप्रति शिष्ट व्यवहार गर्नुपर्ने,
- सेवाग्राहिप्रति मर्यादित व्यवहार गर्नुपर्ने ।

तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।

**(Write long answer of the following question )**

१५. सरकारी लेखापरीक्षण भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा सरकारी लेखापरीक्षण सम्बन्धी कानुनी प्रावधानबारे विवेचना गर्नुहोस् । **(What do you mean by government auditing ? Describe the constitutional provisions regarding the government auditing in Nepal.)**

उत्तर: लेखापरीक्षण भन्नाले प्रचलित ऐन, कानुन, नीति, नियम, कार्यक्रम तथा निर्णय, आदेश र मापदण्डअनुसार आर्थिक कारोबारसँग सम्बन्धित लेखा, कागजात, प्रमाण र सोसम्बन्धी अभिलेखहरूको स्वतन्त्र निष्पक्ष एवम् उद्देश्यमूलक जाँच,

www.dotnepal.com

मूल्याङ्कन र विश्लेषण गरी कैफियत औंल्याई सुझावसहितको प्रतिवेदन तयार गर्ने कामलाई जनाउँछ । यसमा उद्देश्यमूलकता, पेसागत मान्यता, निष्पक्षता, वस्तुपरकता यथार्थता र स्वतन्त्रतालाई विशेष ध्यान दिइन्छ । लेखापरीक्षणमा स्वतन्त्र ढङ्गबाट योजना बनाउने, स्वीकृत योजना अनुसार लेखापरीक्षण गर्ने र देखिएका व्यहोराहरूलाई सुझावसहित प्रतिवेदन दिने कामहरु अर्थात् लेखापरीक्षण प्रक्रियाहरु पर्दछन् । साथै आर्थिक कारोबारमा जवाफदेहीता, विश्वसनीयता र अनुशासन प्रबर्द्धन गर्न गराउनको लागि लेखापरीक्षण अपरिहार्य रहेको हुन्छ । त्यसैले आर्थिक कारोबारमा प्रचलित कानुनको पूर्ण अनुसरण गरिएको छ छैन ? ती कारोबारमा मितव्ययीता, कार्यक्षमता, प्रभावकारिता र औचित्यता प्रतिबिम्बित हुन्छ/हुँदैन ? भनी गरिने लेखाको जाँच, मूल्याङ्कन र विश्लेषणसहितको सुझावहरु उल्लिखित प्रतिवेदनलाई लेखापरीक्षण भन्दछन् । अर्को शब्दमा भन्नुपर्दा लेखाको आधारमा तयार पारिएको आर्थिक विवरण र अभिलेखहरूको यर्थाथता निश्चित गरी कारोबारमा भएको भुल, त्रुटि, जालसाजी र अनियमितता पत्ता लगाई उपलब्ध स्रोत र साधनको सही ढङ्गले प्रयोग भए गरेको छ छैन ? भनी प्रचलित ऐन, कानुन, नीति, नियम, कार्यक्रम तथा प्रशासनिक निर्णय, आदेश तथा लेखा र लेखापरीक्षण मापदण्डलाई आधार मानी परीक्षण गरी प्रतिवेदन गर्ने कामलाई लेखापरीक्षण भन्दछन् ।

नेपालमा सरकारी कार्यालयहरूको आन्तरिक लेखापरीषण जिल्लास्थित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले गर्ने र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्ने कानुनी व्यवस्था रहेको छ भने । लेखापरीक्षणसम्बन्धी कानुनी प्रावधानहरु निम्नानुसार रहेका छन्ः

लेखापरीक्षणका कानुनी प्रावधानहरु (आधारहरु)

- *नेपालको अन्तरिम संविधान -२०६३*
- *लेखापरीक्षण ऐन, २०४८*
- आर्थिक कार्याविधि ऐन,२०५५ र नियमावली, २०६४
- स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली, २०५६
- सङ्गठित संस्थाहरूसम्बन्धी विशेष ऐनहरु,
- विनीयोजन ऐनहरु,

www.dotnepal.com

- आर्थिक ऐनहरू,
- विभिन्न विषयगत ऐनहरू,
- अन्तर्राष्ट्रिय दातृपक्षबिच भएका सम्झौताहरू ।

वास्तवमा लेखापरीक्षण आर्थिक प्रशासनको अन्तिम चरणको काम हो आर्थिक अनुशासन कायम गरी सुशासन कायम गर्न लेखापरीक्षण अपरिहार्य छ । लेखापरीक्षणले पनि शतप्रतिशत परीक्षण गरी सबै ठिक छ भन्ने नभई Resonable Assurance दिने मात्रै हो । त्यसैले व्यवस्थापन स्वयम्ले आÇनो आन्तरिक नियन्त्रण प्रणाली मजबुत तुल्याई आर्थिक प्रशासनलाई स्वच्छ एवम् पारदर्शी बनाउन सकिन्छ ।

❑❑❑

www.dotnepal.com